जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १३ • अंक ६६ • २०८२ पुस १३ गते आईतवार • 28 Dec. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# विद्यालयको २७ कठा जग्गामा अनुमति विना पक्की संरचना निर्माण

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १२ पुस**

महोत्तरी जिल्लाको औरही नगरपालिका-२ मा रहेको श्री प्रसाद सिंह माध्यमिक विद्यालय (औरही नैनी गौरी विद्यालय) को नाममा दर्ता रहेको औरही नगरपालिका-१, औरही बजारस्थित २७ कठा जग्गामा अनुमति विना पक्की संरचना निर्माण भइरहेको पाइएको छ । यसबारे विद्यालय व्यवस्थापन समिति र स्थानीयवासीमा गम्भीर आक्रोश देखा परेको छ ।

विद्यालयको स्वामित्वमा रहेको जग्गामा वर्षौंदेखि साप्ताहिक तथा नियमित बजार सञ्चालन हुँदै आएको थियो। प्रारम्भमा व्यापारीहरूले परालको झुपडी तथा अस्थायी डहरा बनाएर व्यापार गर्दै आएका थिए । विद्यालयले केवल अस्थायी व्यापारका लागि अनुमति दिएको भए पनि हाले दुईवटा नयाँ पक्की संरचना निर्माण भइरहेको पाइएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवीन कुमार यादव भन्छन्, "विद्यालयको जग्गामा कहिल्यै पनि पक्की संरचना निर्माणको अनुमति दिइएको छैन। यहाँ भइरहेको पक्की घर निर्माण केवल गैरकानुनी मात्र होइन, सार्वजनिक सम्पत्तिमा प्रत्यक्ष हस्तक्षेप हो। दोषीहरूलाई तुरुन्त कानुनी कारबाही हुनुपर्छ ।" विद्यालयका प्राध्यापक शिव शरण यादव भन्छन्,"हामीले पटक-पटक चेतावनी दिएका छौं कि पक्की संरचना निर्माण गर्नु गैरकानुनी हो। यसले विद्यालयको सम्पत्ति मात्र होइन, विद्यार्थीहरूको भविष्य र सार्वजनिक हितलाई जोखिममा पार्छ । प्रशासनसँग मिलेर यसलाई तुरुन्त रोक्न हामी लागिपरेका छौं ।" स्थानीय घनश्याम यादव भन्छन्, "सार्वजनिक सम्पत्ति जोगाउनु सबैको साझा दायित्व हो । तर यहाँ संरक्षण गर्नुको साटो जबर्जस्ती घर बनाउन दिइँदैछ । यो केवल अवैध निर्माण होइन, संविधानको मर्म र समाजको विश्वासलाई चुनौती हो।" स्थानीय श्रवण चौधरी थप्छन्,"यदि व्यापारका नाममा दिइएको बिटोरीमै पक्की घर बन्ने क्रम जारी रहयो भने भविष्यमा विद्यालयको सम्पूर्ण जग्गा कब्जामा पर्न सक्छ । सम्बन्धित निकायले तुरुन्त हस्तक्षेप गर्नुपर्छ ।"कानुनी दृष्टिकोणमा, सार्वजनिक सम्पत्तिमा प्रत्यक्ष वा अप्रत्यक्ष हस्तक्षेप गर्नु संविधान र कानुनको उल्लंघन हो । नेपाल संविधानको धारा ५१ (छ) (५) ले राज्यलाई सार्वजनिक सम्पत्तिको संरक्षण, संवर्द्धन र दुरुपयोग हुन नदिने नीति अपनाउन दायित्व दिएको छ। धारा २५ (१) ले सार्वजनिक सम्पत्तिको हक व्यक्तिगत



बांकी पृष्ठ २ मा ।

# तराईका केही जिल्लामा दिनभर हुस्सु

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १२ पुस**

महोत्तरी जिल्लासहित तराईका केही जिल्लामा दिनभर हुस्सु लागेको छ। जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार तराई क्षेत्रमा बिहानदेखि नै हुस्सु/कुहिरो लागेको छ भने दिउँसो पनि यसको प्रभाव कायमै रहने अनुमान गरिएको छ।

महाशाखाका अनुसार देशभर पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ। गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा मौसम आंशिक बदली रहेको छ भने बाँकी पहाडी तथा हिमाली भागमा मौसम मुख्यतया सफा रहने अनुमान छ । पछिल्लो समय बढेको चिसोले विशेषगरी तराई/मधेश क्षेत्रमा जनजीवनसँगै पशुचौपाया र कृषि बालीमा समेत असर पुऱ्याएको छ।

पुस लागेसँगै सुरु भएको चिसो थप बढ्दै जाँदा सर्वसाधारण, पशुचौपाया तथा कृषि क्षेत्र प्रभावित बनेका छन्। काठमाडौं उपत्यकासहित देशका अन्य भागमा पनि चिसो बढ्दो क्रममा रहेको छ । महाशाखाका अनुसार आज बिहान पौने ६ बजे काठमाडौंको न्यूनतम तापक्रम ५ दशमलव २ डिग्री सेल्सियस मापन गरिएको छ।



# अधिकांस एग्रोभेट पसलहरू बिना अनुमति तथा अव्यवस्थित रूपमा सञ्चालन

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १२ पुस**

महोत्तरी जिल्लाका विभिन्न बजार क्षेत्रमा सञ्चालनमा रहेका अधिकांस एग्रोभेट पसलहरू बिना अनुमति तथा अव्यवस्थित रूपमा सञ्चालनमा रहेको पाइएको छ । बीउ बिजन प्रयोगशाला, कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र तथा सम्बन्धित स्थानीय तहको कृषि शाखाको संयुक्त अनुगमन टोलीले गरेको निरीक्षणका क्रममा गम्भीर कमजोरीहरू फेला परेका हुन् । बीउ बिजन प्रयोगशाला जलेश्वरका प्रमुख मनिष पालको नेतृत्वमा रहेको अनुगमन टोलीले शुक्रबार दिनभर बर्दिबासका ४, औरहीका २ र गौशाला बजारका ५ गरी ११ वटा एग्रोभेट पसलको निरीक्षण गरेको थियो। अनुगमनका क्रममा अनुमति पत्र नलिइ कारोबार गर्ने, म्याद सकिएका कागजात नवीकरण नगर्ने, तालिम प्राप्त व्यक्ति बिना विषादी बिक्री



बांकी पृष्ठ २ मा ।





## भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गरौं ।

- मौलिक संस्कृतिको रक्षा गरौं ।
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं ।
- मातृभाषाको सम्मान गरौं ।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं ।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं ।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं ।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं ।
- आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



## सम्पादकीय..................

# समानुपातिकलाई फलदायी बनाउनुपर्छ

*समानुपातिक प्रतिनिधित्व लोकतन्त्रको गहना रहेको देखिन्छ । बन्द गरिएका आवाजहरूलाई मुखरित गर्न, निम्छरोलाई अगाडि बढाउन यो प्रणाली अपनाइएको देखिन्छ । यस प्रणालीलाई उन्नत बनाउँदै अझ प्रभावकारी रूपले कार्यान्वयन गर्न गराउन सरकार, निर्वाचन आयोग, नागरिक समाज र नेपाली जनताको उस्तै हिस्सेदारी रहेको देखिन्छ । समानुपातिक प्रतिनिधित्वले कुनै एक निकाय वा संकायलाई मात्र इंगित गर्दैन । यसले त राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, मन्त्रिपरिषदेखि सम्पूर्ण सरकारी निकाय तथा गैरसरकारी संघसंस्था समेतलाई दिशा निर्देश गर्छ ।*

*व्यवस्था आफैंमा नराम्रो हुन्न । यसका कर्ता असल र उसको कार्य सकारात्मक हुन जरुरी रहेको देखिन्छ । यसका लागि जनताको सचेतता र अग्रसरता अनिवार्य रहेको देखिन्छ । अन्त्मा जेन-जी आन्दोलनबाट समेत पाठ सिकेका दलहरू र जेन-जी आन्दोलनपछि गठन भएका दलहरूले समेत यस विषयमा गहन रूपमा छलफल गरी समानुपातिक प्रतिनिधित्व प्रणालीलाई फलदायी बनाउनुपर्ने देखिन्छ ।*

*विद्यालयको २७ कठा..............*

स्वामित्वभन्दा माथि रहने कुरा स्पष्ट पारेको छ । विशेषज्ञहरूले सामाजिक दबाब, प्रतिवाद र कानुनी कारबाही नै यस्तो अवैध गतिविधि रोक्ने उपाय भएको बताएका छन्। संविधान र कानुनले नैतिक र जिम्मेवार समाज निर्माणको दिशानिर्देश दिएकोले स्थानीय नागरिक, युवा, राजनीतिक प्रतिनिधि र प्रशासन सबैले तत्काल हस्तक्षेप गर्नुपर्ने बताएका छन् । सार्वजनिक सम्पत्तिमा अवैध पक्की संरचना बनाउनु र त्यसमा सहयोग गर्नु संविधानको धारा ५१ को ठाडो उल्लंघन हो । यस्तो कार्यप्रति सहिष्णुता छैन भने मात्र जिम्मेवार समाज र विधिको शासन सुनिश्चित गर्न सकिन्छ ।

*अधिकांस एग्रोभेट पसलहरू...............*

गर्ने तथा बीउ भण्डारण कक्ष व्यवस्थित नराखिएको जस्ता अनेकन कमजोरी भेटिएको टोलीले जनाएको छ । अनुगमन टोली आएको थाहा पाएपछि बर्दिवासस्थित एभरेष्ट एग्रो सेन्टरका सञ्चालकले पसल बन्द गरी भागेका जनाइएको छ । औरही नगरपालिकामा गरिएको निरीक्षणका क्रममा बीउ व्यवसायसँग सम्बन्धित कुनै पनि कागजात नराखी कारोबार गरिएको पाइएको छ । सोही क्रममा रामप्रित चौधरीले सञ्चालन गरेको जयसवाल किसान पसलमा मलखाद र विषादीसँगै बिस्कुट, पेय पदार्थ लगायतका खाद्य सामग्रीहरू समेत एकै स्थानबाट बिक्री गरिएको भेटिएको थियो । यसलाई गम्भीर लापरबाही ठहर गर्दै सुधारका लागि तत्काल निर्देशन दिइएको र कारबाही प्रक्रिया अघि बढाइएको अनुगमन टोली प्रमुख पालले जानकारी दिनुभयो ।

यस्तै, गौशाला नगरपालिकामा गरिएको निरीक्षणमा धेरैजसो एग्रोभेटमा अनुमति पत्र भए पनि भण्डारण कक्ष अव्यवस्थित रहेको तथा कतिपयले अनुमति पत्र विना नै व्यवसाय सञ्चालन गरिरहेको पाइएको छ ।

## मटिहानी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धिरापुर, महोत्तरी
### मधेस प्रदेश,नेपाल

## करार सेवामा शिक्षक आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२।०९।१३)**

यस कार्यालयको मिति २०८२/०९/११ गतेको निर्णयानुसार मटिहानी न.पा.अन्तर्गतका विद्यालयको लागि तपसिल अनुसारको पद,तह,संख्या र योग्यता भएको शिक्षक करार सेवामा राख्नु पर्ने भएकोले योग्यता पुगेको नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद संलग्न गरी दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद तह | सेवा | समूह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| ०६/०८२/०८३ | माध्यमिक तह कक्षा (९–१०)अंग्रेजी र गणित विषयको शिक्षक | | | २(दुई) (अंग्रेजी–१) (गणित–१) | सम्बन्धीत विषयमा स्नातक तह उतिर्ण गरेको । | रु.१५००।– |
| ०७/०८२/०८३ | नगर शिक्षक | | | ४(चार) | १०+२ उतिर्ण गरेको | रु.१०००।– |

**शैक्षिक योग्यता र अनुभव :–**

१) नेपाली नागरिकता
२) शैक्षिक योग्यताको प्रमाणपत्र र हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ।
३) उमेर :– १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ( महिलाको हकमा ४५ वर्ष ननाघेको )
४) छनौट किसिम :– प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन,लिखित,अन्तरवार्ता र कक्षा अवलोकन ।
५) पारिश्रमिक तथा सेवा सुविधा :– नगर शिक्षक न.पा.को निर्णयानुसार र माध्यमिक तहको हकमा : नेपाल सरकारको प्रचलित नियमानुसार ।
६) दरखास्त दिनु पर्ने स्थान :– मटिहानी न.पा.को कार्यालय,धिरापुर,महोत्तरी ।
७) दरखास्त दिने अन्तिम मिति : २०८२/०९/२७ गते सम्म,सार्वजनिक विदा परेमा भोलि पल्ट ।
८) आवेदन साथ संलग्न कागजातहरु आवेदक स्वयंमले प्रमाणित गरेको हुनु पर्ने छ ।
९) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।
१०) उल्लेखित सूचना अनुसार दरखास्त स्वीकृत गर्ने वा नगर्ने अधिकार पदपूर्ति समितिमा रहने छ ।
११) अनुभव र माथिल्लो शैक्षिक योग्यतालाई विशेष ग्राहयता दिइने छ ।
१२) तोकिएको दस्तुर माछापुच्छ्रे बैंक लि.मटिहानी शाखामा यस मटिहानी न.पा.नगर कार्यपालिकाको कार्यालयको रहेको आन्तरिक राजश्व खाता नं.– ग–१–१ ०६०००६०८६९३००१२१ शिर्षक नं.– १४२२४ कार्यालय कोड नं.– ८०१०२१८०७ मा जम्मा गरी सो को सक्कल भौचर दरखास्त साथ संलग्न राखि स्वयंम उपस्थित भई आवेदन दिनुपर्ने ।

**प्रमुख प्रशासकिय अधिकृत**

## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: लामो यात्राको योग छ
कर्कट: मनमा पछुतो आउने
सिंह: आम्दानी हुने
कन्या: अनावश्यक चिन्ता
तुला: खानपानमा समस्या आउने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# भारत-चीन प्रतिस्पर्धाले आकार लिएको विश्व रूपान्तरणको वर्ष 'सन् २०२५'

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १२ पुस**



इजरायलले शुक्रबार सोमालील्यान्डलाई 'स्वतन्त्र र सार्वभौम राज्य' को रूपमा मान्यता दिएको छ। दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना गर्ने सम्झौतामा हस्ताक्षर गरेको इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूको कार्यालयले जनाएको छ।

"प्रधानमन्त्रीले सोमालील्याण्ड गणतन्त्रलाई एक स्वतन्त्र र सार्वभौम राज्यको रूपमा आधिकारिक मान्यता दिने घोषणा गर्नुभएको छ," प्रधानमन्त्रीको कार्यालयले भनेको छ। आधिकारिक रूपमा सोमालील्याण्डलाई देशको रूपमा मान्यता दिने इजरायल पहिलो देश बनेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो पहिलो कार्यकालमा इजरायल र अरब मुलुकबीच भएका कैयौं सम्झौताप्रति सङ्केत गर्दै नेतान्याहूको कार्यालयले भनेको छ, "यो घोषणा अब्राहम सम्झौताको भावनामा आधारित छ।" सोमालील्याण्डका राष्ट्रपति अब्दिरहमान मोहम्मद अब्दुल्लाहीले मान्यता दिने कदमको प्रशंसा गर्दै यसले 'रणनीतिक साझेदारी' को सुरुवात भएको बताए।

अब्राहम सम्झौतामा सामेल हुन सोमालील्याण्ड तयार रहेको पुष्टि गर्दै अब्दुल्लाहीले भने, "इजरायलका प्रधानमन्त्री नेतन्याहूले सोमालील्याण्ड गणतन्त्रलाई मान्यता दिनुभएको छ। यो एक ऐतिहासिक क्षण हो।"

# 'पाकेको चिउरी'मा सुशील र अञ्जना

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १२ पुस**



माघ ९ देखि प्रदर्शनमा आउने फिल्म 'परिवर्तन'को नयाँ गीत बजारमा आएको छ। प्रदर्शन नजिकिँदै जाँदा निर्माण पक्षले फिल्ममा समावेश 'पाकेको चिउरी'बोलको गीत सार्वजनिक गरेको हो।

गीतको भिडियोमा फिल्मका मुख्य कलाकार कलाकार सुशील श्रेष्ठ र अञ्जना बराइली देखिन्छन्। विजय केरुङ निर्देशित यो फिल्मको यो गीतमा रामजी लामिछानेको कोरियोग्राफी, मौसम अर्यालको रचना, एसडी योगी र रेश्मा पुनको आवाज छ। गीतको संगीत योगी आफैंले तयार पारेका हुन्। दिव्यासी फिल्म्सको ब्यानरमा निर्माण भएको यो फिल्ममा सुशील र अञ्जनासँगै कलाकारहरु सरोज खनाल, करिश्मा मानन्धर, बुद्धि तामाङ, हेमन्त बुढाथोकी, सुवास मेचेको अभिनय छ। एक्सन विधामा आधारित यो फिल्ममा दीपक सिवाकोटीको कथा शिवम् अधिकारीको पटकथा तथा संवाद छ। फिल्ममा बन्दे प्रसादको सम्पादन, रामजी लामिछानेको कोरियोग्राफी,एसडी योगीको संगीत श्री श्रेष्ठको द्वन्द्व छ।

# आजका लागि यस्तो छ विदेशी मुद्राको विनिमयदर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १२ पुस**




नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। आजका लागि निर्धारित विनिमयदर अनुसार अमेरिकी डलरको मूल्य पुनः बढेको छ। निर्धारण गरिएको विनिमयदर अनुसार, अमेरिकी डलर एकको खरिददर १४३ रुपैयाँ ४७ पैसा र बिक्रीदर १४४ रुपैयाँ ०७ पैसा निर्धारण गरिएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १६८ रुपैयाँ ९९ पैसा र बिक्रीदर १६९ रुपैयाँ ६९ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १९३ रुपैयाँ ५८ पैसा र बिक्रीदर १९४ रुपैयाँ ३९ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १८१ रुपैयाँ ७३ पैसा र बिक्रीदर १८२ रुपैयाँ ४९ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ९६ रुपैयाँ १८ पैसा र बिक्रीदर ९६ रुपैयाँ ५८ पैसा, क्यानेडियन डलर एकको खरिददर १०४ रुपैयाँ ८७ पैसा र बिक्रीदर १०५ रुपैयाँ ३१ पैसा, सिङ्गापुर डलर एकको खरिददर १११ रुपैयाँ ७४ पैसा र बिक्रीदर ११२ रुपैयाँ २० पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ १७ पैसा र बिक्रीदर नौ रुपैयाँ २१ पैसा, चिनियाँ युआन एकको खरिददर २० रुपैयाँ ४८ पैसा र बिक्रीदर २० रुपैयाँ ५६ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३८ रुपैयाँ २५ पैसा र बिक्रीदर ३८ रुपैयाँ ४१ पैसा, कतारी रियाल एकको खरिददर ३९ रुपैयाँ ३५ पैसा र बिक्रीदर ३९ रुपैयाँ ५२ पैसा कायम भएको छ। केन्द्रीय बैङ्कका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ६२ पैसा र बिक्रीदर चार रुपैयाँ ६४ पैसा, युएई दिराम एकको खरिददर ३९ रुपैयाँ ०६ पैसा र बिक्रीदर ३९ रुपैयाँ २३ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३५ रुपैयाँ ४४ पैसा र बिक्रीदर ३५ रुपैयाँ ५९ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ९३ पैसा र बिक्रीदर नौ रुपैयाँ ९७ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ ६४ पैसा र बिक्रीदर १५ रुपैयाँ ७० पैसा र डेनिस क्रोनर एकको खरिददर २२ रुपैयाँ ६२ पैसा र बिक्रीदर २२ रुपैयाँ ७२ पैसा तोकिएको छ।

# युरोपका अब्बल क्लबमा भेटिन्छन् नेपाली मूलका फुटबलर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १२ पुस**




कुवेती प्रशिक्षक अब्दुलाह अल्मुताइरी जति समय नेपालमा रहे, उनले उठाएको एउटा मुद्दा थियो, अब राष्ट्रिय फुटबलका लागि विदेशतिर पनि खेलाडी खोज्न सक्नुपर्छ।

सन् २०२१ मा माल्दिभ्समा भएको साफ च्याम्पियनसिप ताका उनले यो विषयलाई अझ महत्त्व दिन खोजे। कारण थियो, नेपालले श्रीलंकासँग खेलेको खेलमा मार्बिन ह्यामल्टनले गरेको उत्कृष्ट गोल। उनी इंग्ल्यान्डमा जन्मेका श्रीलंकाली मूलका खेलाडी थिए। मालेमा भएको उक्त खेल भने नेपालले ३-२ ले जितेको थियो। नेपालविरुद्ध उनले पेनाल्टी एरिया बाहिरबाट शक्तिशाली प्रहार गर्दै गोल गरेका थिए। 'यस्तो गोल प्रायः दक्षिण एसियाली खेलाडीले गर्न सक्दैनन्,' तत्कालीन नेपाली टोलीका प्रशिक्षक अल्मुताइरी भन्थे, 'यसका लागि युरोपतिर प्रशिक्षण लिएकै खेलाडी चाहिन्छ, चाहे त्यो त्यहाँको तल्लो डिभिजनकै खेलाडी किन नहोस्।'

सन् २०२३ मा भारतमा भएको साफ च्याम्पियनसिपमा नेपालको चुनौती सकिएपछि इटालीका प्रशिक्षक भिन्सेन्जो अल्बर्टो चिन्तित देखिन्थे। उनी पनि भन्थे, 'हामीले पनि अब विदेशमा खेलाडी खोज्नैपर्छ।' अल्मुताइरी र अल्बर्टोको आँखाअगाडि अरू दक्षिण एसियाली देशले आफ्नो मूलका विदेशी खेलाडी भित्र्याउने काम धमाधम गरिसकेको थियो। ती दुवै प्रशिक्षकको यस विषयमा थप दुई प्रश्न थियो, 'के यसका लागि अखिल नेपाल फुटबल संघ (एन्फा) तयार छ त?' त्यो भन्दा महत्त्वको दोस्रो प्रश्न थियो, विदेशतिर खेलिरहेका नेपाली मूलका खेलाडीहरू के देशका लागि खेल्न तयार हुन्छन् त?'







# संघीयताप्रति आक्रोश किन ?

-लोकतन्त्रको गहिरो अर्थ पनि संघीयतासँग अटुट रूपमा गाँसिएको छ । मतदान गर्ने अधिकार मात्रै लोकतन्त्र होइन । निर्णय प्रक्रियामा प्रत्यक्ष पहुँच र सहभागिता नै वास्तविक लोकतन्त्र हो । जब शक्ति र अधिकार एकै केन्द्रमा केन्द्रित हुन्छ, तब लोकतन्त्र औपचारिकता र चुनावी प्रक्रियामा मात्र सीमित भएर रहन्छ । संघीयता नेपालमा आकस्मिक प्रयोग नभई ऐतिहासिक असन्तोष, बहिष्करण र संघर्षको परिणाम स्वरूप स्थापित भएको व्यवस्था हो ।

केन्द्रित राज्य व्यवस्थाको दीर्घकालीन असफलता र सामाजिक असमानताले संघीयताको मागलाई अनिवार्य बनाएको हो । नेपालमा संघीयता कुनै आकस्मिक राजनीतिक प्रयोग होइन, न त यो केही नेताहरूको व्यक्तिगत महत्त्वाकांक्षाबाट जन्मिएको संरचना मात्र हो । यो त इतिहासको लामो असन्तोष, बहिष्करण, असमानता र निरन्तर प्रतिरोधको परिणामस्वरूप अभ्यासमा आएको व्यवस्था हो । नेपालको राजनीतिक इतिहासलाई नियालेर हेर्दा संघीयताको बीउ धेरै पहिले नै रोपिएको पाइन्छ । राणा शासनको अन्त्यपछि नै संघीयताको मुद्दा स्पष्ट रूपमा अगाडि आएको थियो । २००८ मा स्थापित नेपाल तराई कांग्रेसले संघीयतालाई आफ्नो प्रमुख राजनीतिक एजेन्डा बनाएर नेपाली राजनीतिमा यो मुद्दालाई स्थापित गरेको थियो । त्यसपछि नेपाल सद्भावना पार्टी, आदिवासी जनजातिको संघर्ष, माओवादी जनयुद्ध र विशेष गरी मधेश आन्दोलनहरूले संघीयताको पक्षमा बलियो वकालत गरे । तर संघीयताको वास्तविक श्रेय र बलिदान मधेश आन्दोलनलाई जान्छ । मधेश आन्दोलनको कठोर संघर्षपछि दर्जनौं मधेशीहरूले सहादत दिएपछि संघीयता प्राप्त भएको हो । त्यसैले संघीयता कुनै सजिलो समझदारीबाट होइन, रगत र बलिदानको जगमा उभिएको संरचना हो । यसलाई खारेज गर्नु भनेको ती बलिदानहरूको अपमान गर्नु हो । अर्को विद्रोहको बीउ रोप्नु हो ।

अहिलेको समयमा शासन असफल हुँदा, सेवा प्रवाहमा कमजोरी देखिँदा र जनतामा असन्तोष बढ्दा त्यसको सम्पूर्ण दोष संघीयतामाथि थोपर्ने प्रवृत्ति व्यापक बनेको छ । मानौं, संघीयताले नै राज्यका सबै समस्या जन्माएको हो । तर यो आरोप अत्यन्तै सरल र भ्रामक छ । संघीयता आउनुअघि नेपाल सफल, समावेशी र न्यायपूर्ण राज्य थियो त ? हुन त अहिले पनि राज्य सबैको समुदायको निम्ति न्यायपूर्ण हुन सकेको छैन ।

तर एकात्मक र केन्द्रित व्यवस्थाभन्दा अवश्य राम्रो भएको छ । दुई शताब्दीभन्दा बढी समयसम्म एकात्मक र केन्द्रीकृत राज्य व्यवस्थाले नेपाललाई शासित गऱ्यो । त्यो लामो अवधिमा न त समान विकास भयो, न सामाजिक न्याय स्थापित हुन सक्यो, न त राज्यप्रति नागरिकहरूको विश्वास बलियो बन्यो । शक्ति, स्रोत र निर्णय प्रक्रिया केही सीमित भूगोल, वर्ग र समूहको नियन्त्रणमा रहँदा राज्य बहुसंख्यक नागरिकका लागि टाढाको, अपरिचित र कहिलेकाहीँ शत्रुतुल्य बनेको थियो ।

यही ऐतिहासिक असफलता र बहिष्करणको पीडाले नै संघीयताको मागलाई जन्म दियो । संघीयता कुनै नयाँ प्रयोग होइन, बरु केन्द्रीकृत राज्यको दीर्घकालीन असफलतामाथिको स्पष्ट राजनीतिक फैसला हो ।

नेपाल एक बहुल र विविधतापूर्ण समाज हो भन्ने सत्यलाई लामो समयसम्म राज्यले व्यवहारमा स्वीकार गर्न चाहेन । विविध भाषा, संस्कृति, धर्म र पहिचानहरूलाई शक्तिको स्रोतका रूपमा होइन, बरु राज्यका लागि जोखिमका रूपमा हेरियो । राज्यको तथाकथित 'मूलधार' नीतिले बाँकी समाजलाई आत्मसात् गर्ने प्रयास गरेन, बरु बहिष्कृत र दबाउने नीति अपनायो । परिणामस्वरूप पहिचानजन्य असन्तोष बढ्दै गयो, जुन क्रमशः आन्दोलन र विद्रोहमा परिणत भयो । राजा र राणा शासनकालदेखि नै विभिन्न समुदायहरूले आफ्नो अधिकार र पहिचानका लागि प्रतिरोध गरेका थिए । आदिवासी जनजाति, मधेशी, दलित र अन्य सीमान्तकृत समुदायहरूको लामो संघर्षले नै संघीयतालाई अनिवार्य बनायो । संघीयता यही ऐतिहासिक तनाव र असन्तुलनलाई लोकतान्त्रिक ढंगले व्यवस्थापन गर्ने उपाय हो । यसलाई जातीय विभाजनको परियोजना ठान्नु वा देश विखण्डनको भय देखाउनु केवल बौद्धिक असहजता र पुरानो वर्चस्व कायम राख्ने प्रयास मात्र हो ।

विकासको सन्दर्भमा पनि संघीयतामाथि लगाइने आरोपहरू अत्यन्त कमजोर र एकपक्षीय छन् । केन्द्रीकृत राज्यले दशकौंसम्म शासन गर्दा विकास किन सन्तुलित र समान हुन सकेन भन्ने प्रश्नको जवाफ खोज्न कोही पनि चाहँदैन । राजधानीकेन्द्रित र केही सहरमा मात्र सीमित विकास मोडेलले देशका विशाल भूगोल र जनसंख्यालाई सधैं 'पछाडि परेको क्षेत्र' का रूपमा नै राख्यो ।

साभार : कान्तिपुर ।





## चिसोबाट बच्न अपनाउनुपर्ने सावधानीहरु

चिसोको कारणले रुघाखोकी, कडा फलु, हिउँले खाने, साना बालबालिकाहरुमा, कोल्ड झाडापखाला, निमोनिया र बयस्क ब्यक्तीहरुमा दम जस्ता समस्या, हृदयघात तथा मुटुको समस्या बढ्ने, कार्वन मोनोक्साईडको मात्रा शरिरमा बढ्ने जोर्नीको दुखाई, दिर्घ रोगीहरुमा स्वास्थ्य समस्या देखा पर्ने जस्ता रोगहरु हुन सक्छ ।

- ✓ पानि उमालेर पिउने, जार र प्याकिङ्ग पानी समेत उमालेर पिउने ।
- ✓ शरिरलाई न्यानो बनाएर राखका लागी तातो झोलिलो खानाहरु आवश्यक मात्रामा सेवन गर्नुपर्दछ,
- ✓ बाहिर निस्कदा मास्क लगाएर हिडने ।
- ✓ तातो बाक्लो कपडाहरु लगाएर हिडनु पर्दछ ।
- ✓ चिसोमा बाहिर हिडदा बाक्लो कपडा लगाउनु पर्दछ ।
- ✓ तातो दुध तथा दुधजन्य पदार्थ, तातो पानि, चिया, दाल, तरकारी प्रशस्त मात्रामा पिउनुपर्दछ ।
- ✓ सवारी साधन चलाउँदा हावा नछिर्ने बाक्लो स्विटर वा ज्याकेट लगाउनु पर्दछ
- ✓ जाडो लागेको बेला घाममा बस्ने तोरी, जैतुन, तिलको तेलले शरिर मालिस गर्न सकिन्छ
- ✓ तातो पानीमा कागती, अदुवा र मह मिसाएर खान सकिन्छ ।
- ✓ बिशेष गरि बिहानको समयमा जाडो हुने भएकोले सो समयमा बाहिर ननिस्कने गर्दा चिसो बाट बच्न सकिन्छ ।
- ✓ बालबालिका तथा बृद्धहरुलाई जाडोको कारण छिटो असर देखा पर्ने हुनाले बिरामी भएमा तत्कालै औषधी नियमित खाने, जाडोबाट बच्न बाक्लो कपडाहरु लगाउने, तातो झोल चिजहरु प्रशस्त खुवाउने, जाडो हुने समयमा घरबाट बाहिन ननिस्कने ।
- ✓ आगो तथा हिटरहरु सावधानी पुर्बक ताप्ने, बस्ने कोठा वा घर तातो बनाउने ।

अनुरोधकर्ता
स्वास्थ्य कार्यालय
धनुषा, मधेश प्रदेश



"पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला











अनुरोधकर्ता
भंगहा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday